**भारतीय राजदूतावास**
**काठमाडौँ**
*********

## प्रेस विज्ञप्ति

**<u>सीमा व्यवस्थापन सम्बन्धी संयुक्त कार्यदलको १३ औं बैठक (मिति २०८१ चैत्र १४-१५, पोखरा)</u>**

सीमा व्यवस्थापन (बीएम) सम्बन्धी भारत-नेपाल संयुक्त कार्यदल (जेडब्लुजी) को १३ औं बैठक मिति २०८१ चैत्र १४-१५ गते सम्म नेपालको पोखरामा सम्पन्न भयो। भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारत सरकारको गृह मन्त्रालयका सहसचिव (सीमा व्यवस्थापन) श्री मिहिर कुमारले गर्नुभएको थियो भने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व नेपाल सरकारको गृह मन्त्रालयका सहसचिव (सुरक्षा तथा समन्वय) श्री रामचन्द्र तिवारीले गर्नुभएको थियो।

२. दुवै पक्षले मिति २०७९ असार १-२ गते सम्म नयाँ दिल्लीमा भएको पछिल्लो जेडब्लुजीमा लिइएका निर्णयहरूको समीक्षा गरे जसमा विशेष गरी सीमा स्तम्भहरूको मर्मत र सम्भारको बारेमा रहेको थियो।

उनीहरूले सीमापार हुने आपराधिक गतिविधिहरू; सीमा पूर्वाधारहरु विशेष गरी एकीकृत जाँच चौकी, सडक र रेलवे-सञ्जालको सुदृढीकरण; विभिन्न सुरक्षा सम्बन्धी संस्थाहरूको सशक्तिकरण र क्षमता निर्माण; र विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा सहकार्यलाई सुदृढ पार्ने तरिकाहरू सम्बन्धी विषयहरूमा पनि छलफल गरे। सीमा व्यवस्थापन सम्बन्धी संयुक्त कार्यदलले पारस्परिक कानूनी सहायता सन्धि (एमएलएटी) सम्पन्न गर्ने प्रगतिको समिक्षा गर्नुका साथै दुवै पक्षबीचको सीमावर्ती जिल्लाको संयुक्त समन्वय समिति (बीडीसीसी)को कामको प्रगतिको पनि समीक्षा गऱ्यो।

३. दुवै पक्षले सीमा व्यवस्थापन सम्बन्धी संयुक्त कार्यदलको बैठकहरू नियमित रूपमा आयोजना गर्ने कुराको सुनिश्चितता गर्न सहमति जनाए। भारतीय प्रतिनिधिमण्डलले अर्को वर्ष भारतमा आयोजना हुने सीमा व्यवस्थापन सम्बन्धी अर्को पटकको संयुक्त कार्यदलको बैठकको लागि नेपाली प्रतिनिधिमण्डललाई निमन्त्रणा प्रदान गऱ्यो।